आफ्नो अधिकारको खोजी गर्दा अरूका अधिकार एवं प्रचलित नियम कानूनहरूको पनि ख्याल गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

○वर्ष ९ ○अंक ४५ ○श्रेणी 'क' ○२०७३ कार्तिक २८ गते आइतबार ○ 13 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

नेपाल तरुणदलको चौथो राष्ट्रिय महाधिवेशन पोखरामा शुरु

निर्वाचनमा केन्द्रित हुन नेताहरूको निर्देशन

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

तस्वीर : गोल्डेन न्यूज दैनिक

सत्तारुढ नेपाली कांग्रेसका शीर्ष नेताहरूले संविधानको कार्यान्वयन का लागि तीन तहको निर्वाचन अपरिहार्य भएको भन्दै निर्वाचनमा केन्द्रित बन्न कार्यकर्तालाई निर्देशन दिएका छन् । कांग्रेसको भातृ संस्था नेपाल तरुण दलको पोखरामा सुरु चौथो राष्ट्रिय महाधिवेशनको शनिवार आयोजित उद्घाटन समारोहमा बोल्ने नेताहरूले पार्टी कार्यकर्ताहरुलाई चुनावका लागि तयार रहन निर्देशन दिएका हुन् ।

नेपालमा लामो समयदेखिका संघर्षबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न संविधानको कार्यान्वयन अपरिहार्य भएको बताउदै नेताहरुले चुनावका लागि प्रथम चरणमा हुनुपर्ने तीनै तहको निर्वाचनका लागि सक्रिय बन्नुपर्नेमा जोड दिए ।

पोखराको चिप्लेढुङामा आयोजित एक भव्य समारोहबीच नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले महाधिवेशनको उद्घाटन गरेका थिए । हजारौं कार्यकर्ता र समर्थकहरु सहभागी कार्यक्रममा बोल्दै सभापति देउवाले संविधानको कार्यान्वयनका लागि कांग्रेस दृढ सङ्कल्पपर भएको भन्दै सबै वर्ग र समुदायको भावनालाई समेटन संविधानमा आवश्यकता अनुसार संशोधन गरेर संविधान कार्यान्वयन गरिछाड्ने बताए ।

देशको आर्थिक समृद्धि र विकासका लागि कांग्रेसको नेतृत्व आवश्यक भएको स्पष्ट पार्दै देउवाले सबै निर्वाचनमा पाटीलाई पहिलो सशक्त पार्टीका रुपमा स्थापित गर्न युवा तरुण जुटनुपर्नेमा जोड दिए । नेता देउवाले अब हुने निर्वाचनमा नेपाली कांग्रेसले जुनसुकै हालतमा पनि जित्नुपर्ने भन्दै कांग्रेसका लागि यो हत्तिम मौका भएकाले कांग्रेसका भातृ संस्था तरुण दल र नेविसंघको भूमिका अझ महत्वपूर्ण रहेको स्पष्ट पारे ।

पार्टीलाई एकाबद्ध रुपमा अघि बढाउने बताउँदै उनले जारी नेपाल तरुण दलको महाधिवेशनमा सबैलाई मिलाएर लैजाने गरी सर्वसम्मत नेतृत्वका लागि पहल गर्न समितिलाई निर्देशन दिए। यसै प्रसङ्गमा उनले भने-'तरुण दलको वर्तमान केन्द्रीय समितिमा रहेका साथीहरुलाई पार्टीले प्रदेश संरचना बनाएर तथा अन्य किसिमले महत्वपूर्ण जिम्मेवारी दिने उल्लेख गरे ।

एमालेले जनता भुक्याउने काम गरेको भन्दै नेता देउवाले कार्यकतालाई जनताको बीचमा गएर एमालेका झुटा प्रचारका बारेमा सचेत गराउन समेत आग्रह गरे । 'एमालेले राम्रो बजेट ल्याएको भन्दै जनतालाई झुक्याउने काम गरेका छ, तर कांग्रेस र भातृ संस्थाका नेता, कार्यकर्ताहरु काठमाडौंमा बसेर नेताको चाकडी गर्ने प्रवृत्ति कायम रहेकाले त्यसलाई अन्त्य गर्न र आफू जनतामाझ योग्य बन्न तरुणहरु लाग्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संविधानको कार्यान्वयनका लागि तीन तहको निर्वाचन सम्पन्न गर्नुपर्ने भएकाले यसबारेमा कांग्रेस गम्भीर बन्नुपर्नेमा जोड दिए । उनले देशको अपेक्षाअनुरुप कांग्रेसलाई अगाडी निर्वाचनबाट पहिलो र सशक्त पार्टी बनाउन पार्टीभित्र सुदृढ एकता अपरिहार्य भएको स्पष्ट पारे ।

उनले पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धा भन्दा बाहिर अर्थात अन्य दलसंग प्रतिस्पर्धा गर्न सक्ने संगठनको निर्माण गर्न पार्टी नेतृत्व लाग्नुपर्ने खाँचो औल्याए । उनले पार्टीमा आफ्नो पकड जमाउन भन्दा जनतामा पकड जमाउने सोच राखेर काम गर्न पार्टी नेतृत्वसंग आग्रह गरे । संविधानको कार्यान्वयनका लागि राष्ट्रिय एकता र अखण्डतालाई असर नपार्ने गरी आवश्यकतानुसार संविधान संशोधन गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिए।

नेता पौडेलले पार्टी, प्रजातन्त्र र देशलाई नै जोखिममा राखेर काम नगर्न नेतृत्वलाई सचेत गराउँदै आफूले भने पार्टी र प्रजातन्त्रलाई जोखिममा पार्न भन्दा आफै जोखिममा परेर संगठनका लागि काम गर्नरहेको बताए । देशमा कृषि क्रान्ति, पर्यटन र ऊर्जाको विकासका माध्यमबाट आर्थिक समृद्धि र विकास हासिल गर्नु आवश्यक भएको उल्लेख गर्दै उनले देशलाई राजनीतिक संकटको अवस्थाबाट पार लगाउँदै राजनीतिक स्थिरता र विकासको मार्गमा उन्मुख बनाउनुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले देशका सबै किसिमका चुनौतीलाई पार लगाउन सक्ने कांग्रेस वर्तमानको आवश्यकता भएको बताउँदै पार्टीलाई एकाकार बनाएर लैजानुपर्नेमा जोड दिए । संविधान संशोधन गर्दा सब दललाई सहमतीमा ल्याए दुई तिहाई बहुमतले पारित गर्नुपर्नेमा उनले जोड दिए । उनले माओवादी, एमाले र मधेशी दललाई एक ठाँउमा ल्याएर संविधान संशोधन गर्ने भूमिका कांग्रेस सभापति देउवाको भएको बताए । कांग्रेसकी कोषाध्यक्ष शान्ति तथा पुनर्निर्माण मन्त्री सीतादेवी यादवले वर्तमान सरकार संविधान संशोधनका लागि गठन भएको बताउँदै संशोधन नभए कार्यान्वयन हुने नसक्ने दावी गरिन् । नेपाली कांग्रेसका पूर्व उपसभापति गोपालमान श्रेष्ठले निर्वाचन गराएर संविधान कार्यान्वयन गर्ने दायित्व सरकारको रहेको बताउँदै विद्यमान राजनीतिक समस्याको समाधान गर्न कांग्रेस सक्षम हुनुपर्नेमा जोड दिए ।

नेपाल सरकारका उपप्रधान एवं गृहमन्त्री विमलेन्द्र निधिले अहिंसा र शान्तिको बाटोबाट मात्रै विकास सम्भव भएको भन्दै नेपाली जनतामा तरुण दलप्रति ठूलो माया र भरोसा भएको बताए ।

उनले संविधानका कार्यान्वयन का लागि संविधानका धेरै धारा तथा उपधारा संशोधन आवश्यक भएको बताउँदै उनले संविधान संशोधनका लागि पुम्ख राजनीतिक दलसँग औपचारिक एवं अनौपचारिक रुपमा छलफल जारी रहेको जानकारी दिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्व उपप्रधानमन्त्री प्रकाशमान सिंहले तरुण दलको महाधिवेशनले नेपाली कांग्रेसलाई एकजुट हुन सन्देश दिने तथा यसले राजनीतिक स्थिरता र स्थायित्वमा बल पुग्ने विश्वास व्यक्त गरे। नेपाली कांग्रेसका केन्द्रीय सदस्य कृष्ण सिटौलाले संविधान संशोधन गर्दा दुई तिहाइले पारित हुनेगरि प्रस्ताव पेश गर्नुपर्नेमा जोड दिदै नेपालको संघीयता मौलिक रहेकोले मौलिक संरचनामा असर पार्ने गरि संविधान संशोधन गर्न नहुने बताए । नेपाल तरुण दलका पूर्व अध्यक्ष तथा रक्षामन्त्री बालकृष्ण खाँणेले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सफल बनाउन तरुण दलले अगुवाइ गर्नुपर्नेमा जोड दिए । उनले सरकार स्थानीय तहको निर्वाचन गर्न तयार रहेको र यसमा पार्टीको पूर्ण सहयोगको खाँचो औल्याए ।

गरिबी निवारण मन्त्री हृदयराम थानीले तरुणदल नेपाली कांग्रेसको मेरुदण्डका रुपमा रहेको र यसले सिङ्गो समाजलाई परिवर्तन गर्न सक्ने बताए ।

कार्यक्रममा नेपाल तरुण दलका पूर्व केन्द्रीय अध्यक्षहरू विनोद कोयस्थ, महादेव गुरुङ र महेन्द्र यादव, नेपाल महिला सङ्घकी अध्यक्ष उमा रेग्मी, नेपाली कांग्रेस कार्यकीका सभापति कृष्ण केसी, नेपाल तरुण दलका केन्द्रीय अध्यक्ष उदयशम्शेर राणा, युवा संघका अध्यक्ष राजीव पहारी लगायतले परिवर्तित २९औं शताब्दीमा युवा तरुणको भूमिका महत्वपूर्ण हुनेमा जोड दिँदै सबल र सक्षम नेतृत्व वर्तमानको आवश्यकता भएको बताएका थिए ।

तीन दिनसम्म चल्ने सो महाधिवेशनमा ७३ जिल्लाका एक हजार ४०० प्रतिनिधिको सहभागिता रहेको छ । महाधिवेशनको आज आइतबार पोखरा सभागृहमा बन्द सत्र र सोमबार निर्वाचन कार्यक्रम सुरु हुने नेपाल तरुण दलले जनाएको छ ।

'केही दिनमै संविधान संशोधन प्रस्ताव'

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनले दुई दिनभित्रमा संविधान संशोधनको प्रस्ताव पेश हुने दावी गरेका छन् । प्रेस सेन्टर कास्कीले शनिवार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा पुनले मधेसको मुद्धा सम्बोधन गर्नेगरी १२ दिन भित्रमा संसदमा संविधान संशोधन प्रस्ताव पेश हुने दावी गरेका हुन् ।

नेपालको संविधान गतिशिल संविधान भएकाले जनमतको कदर गर्दै आवश्यकता अनुसार संविधान संशोधन गर्न सकिने भन्दै उनले अहिलेको संशोधन प्रस्ताव पनि पुम्ख ३ दलसहित सबै दलको सहमतिमा पारित हुने बताए । नेता पुनले सिमाङ्नको विषयमा आयोग बनाएर टुंग्याउने गरी सहमति हुने बताए । आवेग र उत्तेजनामा आएर चाँडो टुंग्याउनुभन्दा पनि सामर्थ्य, पहिचान, सुगमतालगायतका विषयलाई मुल्यांकन गरेर ढिलो भएपनि उपयुक्त तरिकाले सिमांकन हुनुपर्ने पक्षमा आफूहरु रहेको उनले बताए ।

पुनले अगिकृत नागरिकताको सबालमा २०४७ सालको संविधान र अन्तरिम संविधानमा उल्लेख भएअनुसार नै हुने स्पष्ट पारे । 'वैवाहिक सम्बन्धबाट लिइएको अगिकृतको हकमा तामाङले प्रस्ताव पेश हुने दावी गरेका छन् । प्रेस सेन्टर कास्कीले शनिवार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा पुनले मधेसको मुद्धा सम्बोधन गर्नेगरी १२ दिन भित्रमा संसदमा संविधान संशोधन प्रस्ताव पेश हुने दावी गरेका हुन् ।

नेपालको संविधान गतिशिल संविधान भएकाले जनमतको कदर गर्दै आवश्यकता अनुसार संविधान संशोधन गर्न सकिने भन्दै उनले अहिलेको संशोधन प्रस्ताव पनि पुम्ख ३ दलसहित सबै दलको सहमतिमा पारित हुने बताए । नेता पुनले सिमाङ्नको विषयमा आयोग बनाएर टुंग्याउने गरी सहमति हुने बताए । आवेग र उत्तेजनामा आएर चाँडो टुंग्याउनुभन्दा पनि सामर्थ्य, पहिचान, सुगमतालगायतका विषयलाई मुल्यांकन गरेर ढिलो भएपनि उपयुक्त तरिकाले सिमांकन हुनुपर्ने पक्षमा आफूहरु रहेको उनले बताए ।

पुनले अगिकृत नागरिकताको सबालमा २०४७ सालको संविधान र अन्तरिम संविधानमा उल्लेख भएअनुसार नै हुने स्पष्ट पारे । 'वैवाहिक सम्बन्धबाट लिइएको अगिकृतको हकमा मात्रै मुख्यमन्त्री लगायतका प्रमुख पदमा पुग्नसक्ने प्रावधान राखिने छ ' पुनले भने- 'राष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायतका प्रमुख पदमा भने पुग्नसक्ने प्रावधान हुँदैन ।' मधेसी मोचा वा अन्य कसैलेपनि अगिकृत नागरिकलाई प्रमुख पद पाउनुपर्छ भनेर नभनेको बताउँदै अहिले भएको हल्ला केवल भ्रमितगर्न लाइएको दावी गरे । पुनले सरकारले जर्नजिबिकाको पक्षमा काम गरिरहेपनि सरकार र नेकपा माओवादीलाई घेराबन्दी गरिएको बताए । पुनले भने-'खास गरेर सच्चार माध्यम र सामाजिक सञ्जालको माध्यमबाट सरकार र माओवादी अध्यक्ष पचण्डलाई घेराबन्दी भइरहेको छ ।'

पुनले सरकारले छिमेकी मुलुक चीन र भारतसँग सन्तुलित सम्बन्ध राख्न सफल भएको हुँदा सरकारको एक सय दिन सफल मान्न सकिने बताए पुनले अस्तियार अनुसन्धान दुरुपयोग आयोगका प्रमुख आयुक्त लोकमान सिंह कार्कीविरुद्धको प्रस्ताव प्रमुख ३ दलसहित सबै दलको सहमतिमा पारित हुने उनले दावी समेत गरे ।

नेपाल पुग्यो फाइनलमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

नेपालले लाओसको चुनौती टाइब्रेकरमा पन्छाउँदै मलेसियाको कुचिङमा भइरहेको एएफसी सोलिडारिटी कपको फाइनलमा प्रवेश गरेको छ । एसियाली स्तरको प्रतियोगितामा नेपाली राष्ट्रिय टिम फाइनल पुगेको यो नै पहिलो हो । अपराजित यात्रालाई सातौं खेलसम्म पुर्‍याएको नेपालले दुई घन्टाको खेल २-२ को बराबरीमा टुंगिएपछि सोलिडारिटी कपको सेमिफाइनलमा लाओसलाई पन्छाउन टाइब्रेकर नै कुर्नुपर्‍यो । गोलकिपर किरण चेम्जोङले टाइब्रेकरमा लाओसका सुरुवाती दुई प्रहारलाई रोकेपछि नेपालको जित सहज बनेको थियो । नेपालका हेमन गुरुङ, बिक्रम लामा र सुजल श्रेष्ठको पेनाल्टी प्रहार सटिक रह्यो । लाओसको तेस्रो प्रहार बाहिरिएपछि नेपाल टाइब्रेकरमा ३-० को जित निकाल्दै फाइनल प्रवेश गरेको हो । खेलमा अग्रता भने लाओसले लिएको थियो । उसले १८ औं मिनेटमा चायसोडखाम चाम्पाथोडले हेडद्वारा गोल गर्दै लाओसलाई १-० को अग्रता दिलाएका थिए । पहिलो हाफमा नेपालले बलमाथि पकड कायम गरेपनि गोल फर्काउन सकेन । दोस्रो हाफको सुरुमै विमल घर्तीमगरले गोल गरेपछि नेपाल बराबरीमा पुगेको थियो । उनले भरत खवासको क्रसमा हेडद्वारा ४७ औं मिनेटमा गोल गरेर नेपाललाई १-१ को स्थितिमा पुर्‍याएका थिए । नेपालले त्यस गोलको लागि निकै मिहिनेत गर्दै १७ पास खेलेको थियो ।

खेलको सुरुमै उत्कृष्ट ट्याकल गर्दै नेपालको संकट टारेका डिफेन्डर अनन्त तामाडले इन्जुरी समयको अन्तिम मिनेटमा पनि गोल लाइनटबाट बल क्लियर गर्दै नेपालको फाइनल खेल्ने सम्भावना कायमै राखेका थिए । निर्धारित समय १-१ मा टुंगियो ।

थपिएको ३० मिनेटको अतिरिक्त समयको १४ औं मिनेटमा अनन्तले गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाए । उनले पनि हेडर गोल गरे । त्यसमा हेमन गुरुङले बल उपलब्ध गराएका थिए । चाम्पाथोडले फेरि हेडर गोल गर्दै लाओसलाई खेलमा फर्काए । उनले १ सय १७ औं मिनेटमा गोल गरेपछि दुई घन्टाको खेल २-२ मा टुंगिएको थियो । तर, पेनाल्टी सुट आउटमा भने नेपाललाई लाओसले रोक्न सकेन र नेपाल इतिहास रच्दै महादेसीय पतियोगितामा पहिलोपटक फाइनल पुग्यो । एएफसी सोलिडारिटी कपको फाइनलमा नेपालले मकाउ प्रतिद्वन्द्वी पाएको छ । शनिवार नै भएको दोस्रो अर्को सेमिफाइनलमा मकाउले ब्रनाईलाई टाइब्रेकरमै ३-१ ले हराएको छ ।

यसअघि निर्धारित समयको खेलमा बुनाईले पहिलो हाफमा अग्रता लिएको थियो । तर, दोस्रो हाफमा मकाउ बराबरी गोल फर्काउन सफल भयो । ९० मिनेटको खेल १-१ को बराबरीमा सकिएपछि थपिएको ३० मिनेटमा पनि दुवै टोलीले गोल गर्न सकेनन् र खेल टाइब्रेकरमा गयो । टाइब्रेकरमा मकाउका सबै खेलाडीले गोल गर्दा बुनाईका दुई खेलाडीको पहार विपक्षी गोलरक्षकले रोकेका थिए ।

महाधिवेशनको बन्दसत्र अन्यौलमा, समय लम्बिन सक्ने

गंगाधर परालुली
पोखरा २७ कार्तिक ।

नेपाली कांग्रेसको भातृ संस्था नेपाल तरुणदलको चौथो राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह भव्यरुपमा सकिएपनि त्यसपछि हुने कार्यक्रमका बारेमा स्वयं आयोजकहरु नै अन्यौलमा छन् ।

करिब १२ वर्ष पछि हुन लागेको महाधिवेशन व्यवस्थित रुपमा सम्पन्न होला भन्ने अपेक्षा राखेर देशका विभिन्न जिल्लाबाट पोखरा आएका महाधिवेशन प्रतिनिधिहरु बन्द सत्र हुने- कि नहुने भन्ने अन्योलमा परेका छन् । उद्घाटन समारोहको समाप्तिसँगै महाधिवेशन प्रतिनिधिहरुलाई बन्दसत्रको कार्यक्रम बारे जानकारी गराइनुपर्नेमा त्यसो हुन सकेन । तर बन्द सत्रका लागि पोखरा सभागृहको हल बुकिङ गरिएको र सभागृह परिसरमा नै सहभागीहरुको खानाको व्यवस्था गरिएको छ ।

विभिन्न जिल्लाबाट आएका महाधिवेशन प्रतिनिधिहरु आइतबार विहान ब्रेकफास्टका लागि सभागृह परिसरमा पुग्ने भएपनि त्यसपछिको कार्यक्रमका बारे जानकार छैनन् । तरुण दलको केन्द्रीय समितिमै रहेका सदस्यहरु समेत बन्द सत्र कतिबेला र कसरी सुरु हुन्छ भन्ने बारेमा बताउन सक्ने अवस्थामा छैनन् ।

तस्वीर : गोल्डेन न्यूज दैनिक

यसपटकको महाधिवेशनमा विधान संशोधन गरि केही पदाधिकारी थप गर्ने र प्रादेशिक संरचनामा तरुणदल लाई लैजाने भनाइ दलका नेताहरुले व्यक्त गर्दै आएको भएपनि मेदिनी सिटौला संयोजक रहेको विधान समितिले संशोधित विधान बनाएको छ या छैन भन्ने बारेमासमेत केन्द्रीय समिति अनभिज्ञ छ ।

महाधिवेशनका क्रममा पोखरामा केन्द्रीय समितिको बैठक बस्नुपर्नेमा अझैसम्म बैठक बस्न सकेको छैन । जसका कारण बन्दसत्रमा प्रस्तुत गर्नुपर्ने विधान लगायत अन्य कतिपय प्रतिवेदन केन्द्रीय समितिबाट पास हुन सकेका छैनन् भन महाधिवेशनको निर्वाचन प्रक्रियामा वर्तमान केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरु सहभागी हुन नपाउने पार्टीको निर्णयका कारण महाधिवेशनको तयारीमा जुटेका दलका नेताहरु उद्घाटन समारोहको समाप्ति संगै निष्किय र निराश बनेका छन् ।

पार्टीले गठन गरेको निर्देशक समितिको बैठक समेत बस्न सकेको छैन । जसका कारण महाधिवेशन प्रतिनिधिहरुको नाम अझै टुङ्गो लागेको छैन । १५ वटा जिल्लामा उत्पन्न विवाद समाधान गर्न निर्देशक समिति र दलको केन्द्रीय समिति गम्भीर हुन नसक्दा कार्तिक २४ गते सम्ममा टुङ्गिनुपर्ने महाधिवेशन प्रतिनिधिको नाम र संख्या अझै टुङ्गिन सकेको छैन ।

जिल्लाको विवाद नटुङ्गिनु, महाधिवेशन प्रतिनिधिको टुङ्गो लाग्न नसक्नु, कतिपय जिल्लाका महाधिवेशन प्रतिनिधिको उमेर ४५ वर्ष भन्दा माथि हुनु, नयाँ केन्द्रीय समितिका लागि पदाधिकारी तथा सदस्यहरुको संख्याका बारेमा विधान संशोधनका लागि मस्यौदा तयार नहुनु र कांग्रेसका शीर्ष नेताहरुले निर्वाचन प्रक्रिया भन्दा भागवण्डाको आधारमा अघि बढ्ने संकेत देखिएपछि पार्टी नेता कृष्ण प्रसाद सिटौला र खुमबहादुर खड्का पक्षधरहरुले भने निर्वाचन प्रक्रियाबाट नै नेतृत्व चयन गर्नुपर्नेमा जोड दिएको बताइन्छ ।

पार्टीका नेताहरुको बीचमा पूर्ण सहमति कायम नहुने र तरुणदलका महाधिवेशन प्रतिनिधिहरुलाई विश्वासमा लिएर सहमतिका आधारमा नेतृत्व चयन प्रक्रिया अघि बढन नसक्ने हो भने तरुण दलको महाधिवेशन पनि नेविसंघको महाधिवेशन जस्तै लम्बिन सक्ने सम्भावना समेत कतिपयले व्यक्त गरेका छन् ।

बाँकी अन्तिम पृष्ठमा.....

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- लर्ड मैपियर

सम्पादकीय ...

अयोग्य लडाकूको वेवास्ता

केही वर्षअघि तत्कालीन माओवादी विद्रोही र राज्यपक्षबीच भएको वृहद् शान्ति सम्झौता कार्यान्वयन गर्नेक्रममा संयुक्त राष्ट्रसंघीय मिसन र नेपाली सेनाले अयोग्य घोषित गरेका जनयुद्धका लडाकुहरू अहिले विद्रोहमा उत्रिएका छन्। जनयुद्धमा रगत बगाएका र घाइते भएका मात्र नभएर ज्यानै समेत गुमाएका परिवारका व्यक्तिहरु र स्वयम् पीडित व्यक्तिहरु अहिले राजधानीमा एकत्रित भएर आन्दोलनको खाका कोर्दैछन्। यसक्रममा उनीहरुले नेकपा माओवादी केन्द्रको हेडक्वाटर कोटेश्वरमा तालाबन्दी गरेर आफ्नै पार्टीका नेता प्रचण्ड नेतृत्वमा रहेको सरकारको ध्यानाकर्षण गराएका छन्। तर, भोलिपल्टै सरकारका प्रहरीले उनीहरूलाई लखेटे। अहिले कतिपय महिला लडाकुहरु आफ्ना बच्चा काखमा बोकेर काठमाडौंको चिसो मौसमसँग अंकमाल गरिरहेका छन्। खाने र बस्ने ठेगाना नभएका त्यस्ता अयोग्य घोषित लडाकुहरुको संख्या चार हजार ९ रहेको छ। हाल विक्षिप्त, आक्रोशित र आन्दोलित मनस्थितिमा रहेका उनीहरुमध्ये सात जनाले आत्महत्यासम्मको कायरतापूर्ण बाटो अपनाएर आफ्नो महत्वपूर्ण जीवन उत्सर्ग गरेका छन्। तत्कालीन अवस्थाको माओवादी आन्दोलन सफल हुन्छ र नेपाली जनताले साम्यवादको छहारीमुनि ओत लिन पाउने छन् भन्ने उनीहरुको मान्यता र अवधारणा थियो। उनीहरुलाई पार्टीले सोहीअनुरुपको स्कुलिङ पनि गराएको थियो। त्यो मीठो सपना मन र मुटुभरि सँगालेर त्यतिबेला मुलुकको आमूल परिवर्तनको पक्षमा उनीहरुले पार्टीले दिएका बन्दुक र भन्डा बोकेका थिए। तर, नेतृत्व तहले २०६२ सालमा शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि शान्ति र अयोग्य लडाकुको बिल्ला उनीहरुलाई टाँसियो। त्यसक्रममा योग्य घोषित लडाकुहरु सेनामा समायोजन गरियो। उनीहरुको संख्या अत्यन्त कम छ। तर, चार हजार ९ को संख्यामा रहेका अयोग्य घोषित लडाकुहरु भने घर न घाटको भए, अर्थात् बिचल्लीमा परे। अहिले तिनै अयोग्य घोषितहरु आफ्नो लागि गाँसको खोजी गर्दै हेड क्वार्टर पुगेका छन्। उनीहरुको जायज मागलाई राज्यले अहिले सम्बोधन गर्नु आवश्यक देखिन्छ। आफ्नै पार्टीका अध्यक्ष प्रधानमन्त्री बनेको यो सुवर्ण अवसरमा पनि यदि उनीहरुका जायज मागहरुप्रति राज्यले यदि चासो देखाएन भने यो सरकार परिवर्तन भएर अर्को सरकार आएपछि झन् त्यो नयाँ सरकारले पूर्वाग्रही शैलीमा व्यवहार गर्ने मोटोमोटी अनुमान गरिएको छ। अहिले सडकमा रहेका अयोग्य घोषित लडाकुहरु पछि गएर सरकारलाई झन् घाँडो हुने सम्भावना देखिएको छ। तसर्थ, बिगतको सरकारले यी लडाकुहरुका बारेमा जीवनवृत्तिका लागि कुनै योजना नबनाएको भएता पनि अहिले परिस्थिति अनुकूल रहेको छ। उनीहरूलाई जीवन निर्वाहसम्म हुनसक्ने गरी मासिक भत्ता दिएर यो विद्रोहको आगोमा पानी हाल्नु राम्रो हुनेछ। अन्यथा, बिगतमा ज्यानको बाजी लगाएर बन्दुकसहित जनयुद्धमा होमिएका यी अयोग्य घोषित गरिएका पूर्वलडाकुहरुको ठूलो संख्याले फेरि विद्रोह मच्चायो भने त्यो एक अप्रिय दुर्घटना ठहरिने छ। तसर्थ, प्रधानमन्त्री प्रचण्डले आफ्ना पुराना लडाकुहरुप्रति सहानुभूति व्यक्त गर्दै तत्काल उनीहरुको पक्षमा सकारात्मक कदम चाल्ने अपेक्षा अहिले गरिएको छ। आगो सल्किएपछि निभाउन खोज्नुभन्दा आगो लाग्न नै नदिनु बुद्धिमत्तापूर्ण कदम ठहरिने छ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल कार्तिक २८ गते आइतबार, तदनुसार नोवेम्बर १३ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको चतुर्दशी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ५९ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २३ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ११ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ।

वृष : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

मिथुन : मिश्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुने।

कर्कट : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

सिंह : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ।

कन्या : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला।

तुला : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।

वृश्चिक : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन्, स्वास्थ्य हानी समय तथा दिन खराब छ।

धनु : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला।

मकर : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ।

कुम्भ : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला।

मीन : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

अंगीकृत होइन, वैवाहिक बंशज चाहियो !

महेश चौरासिया

अंगीकृत नागरिकलाई दश वर्षपछि संवैधानिक पदमा पहुँच हुने प्रावधानसहित सार्वजनिक भएको ६ बुंदे दस्तावेजको स्वामित्व लिने निकाय अहिलेसम्म कोही भेटिएन। त्यो खेत्राको जिम्मा न सरकारले लियो, न मोचोंले। न त कुनै अन्य निकायले। कसैले जिम्मा नलिएपछि त्यो दस्तावेज अझै बेवारिसे छ। बेनामे छ। कसले त्यार गरेको हो ? कसले पठायो ? मिडियामा कसरी 'लिक' भयो ? आधिकारिकता के हो ? सवाल अनेक छन्। जवाफ शून्य। यी जम्मै प्रश्नको गुत्थी रहस्यको गर्भमा कैद छ। र पनि, बेवारिसे पत्रमाथि यतिबिघ चर्चा, फजूल बहस र अर्थहीन विवाद जारी छ। लोकमानसिंह कार्की विरुद्धको महाअभियोग र संविधान संशोधनलाई उछिन्दै अंगीकृत नागरिकताको ताजा बहस अहिले निकै चर्चित बनेको छ। तर, कृत्रिम विवाद सिर्जना गरेर संविधान संशोधनलाई ओझेलमा पार्ने हो भने अंगीकृत नागरिकताको नाममा बहस गर्नुको तुक छैन। मुलुक अर्थहीन विवादमा अल्झिन पुगेको छ। अथवा भनौं, संविधान संशोधनको मूल एजेन्डालाई ओझेलमा पारेर बहसको नाममा नयाँ बखेडा खडा गरिएको छ। बहस अंगीकृत नागरिकताको होइन। विदेशी नागरिकलाई नेपाली सरह अधिकार दिने बहस पनि होइन। भारतीय नागरिकलाई सर्वाच्च पदमा पुर्याउने बहस त झन हुँदै होइन। बहस हो, समानताको। अधिकारको। पहिचानको। नागरिक नागरिकबीच संवैधानिक हंगले कोरिएको खाडलमाथिको बहस हो। यो लडाई हो विभेद विरुद्धको। पहिलो र दोस्रो दजाका नागरिक बीचको लडाई हो। संघर्ष हो आधा हिस्सेदारीको। यो आन्दोलन हो राज्यको विभेदकारी नीति विरुद्धको। फरक यति हो, कोही राज्यको मतियार बनेर उभिएको छ भने कोही राज्य विरुद्ध खडा छ।

अंगीकृत होइन, वैवाहिक

अंगीकृत नागरिकताको प्रावधान नै हटाइदिए हुन्छ। मुलुकलाई अंगीकृत चाहिँदैन। मधेसलाई त झन चाहिँदैन। हाम्रो चासो, चिन्ता र सरोकार हो- वैवाहिक नागरिकतासँग। मधेस पष्ट छ, 'ज्वाई राजनीति र बहारीसँग बिभेद दुवै बन्द होस्।' माग हो-नेपाली पुरुषले बिवाह गरेकी विदेशी महिलाले वैवाहिक आधारमा नागरिकता पाउनु पर्छ, न कि अंगीकृत। कानूनी रुपले बिवाह गरेर घरमा आएकी महिला परिवारको वंश हो। उसको थर फेरिन्छ। पुरुषको उपनाम महिलाको थर बन्छ। उसको पुरानो पहिचान मेटिन्छ। नयाँ पहिचान कायम हुन्छ। ज पनि नेपालको नागरिक हुन्छ। परिवारको वंश भएकाले वैवाहिक बंशजको नागरिकता पाउनु उसको अधिकार हो। त्यसकारण, वैवाहिक अंगीकृतको ठाउँमा वैवाहिक वंशज कायम गरिनु पर्छ। मुलुकभित्र जति पुरुषको अधिकार छ, त्यति नै महिलाको छ। पुरुषले पाएको अधिकारजस्तै महिलाले पनि समान ढंगले अधिकारको उपभोग गर्न पाउनुपर्छ। तर, यो देशको संविधानले आमा र बहारीमाथि बिभेद गरेको छ।

संवैधानिक पदमा पुरुष पुरुषलाई एकदिन पनि कुर्न नपर्ने। तर, विदेशी भूमिबाट आएकी आमा वा बहारी आजीवन त्यो पदमा पुग्न सक्दैनन्। नयाँ संविधानले नै उनीहरूलाई रोक लगाएको छ। अन्तरिम संविधानमा आमा वा बहारीको हकमा दश वर्ष पखिनुपर्ने प्रावधान थियो, तर नयाँ संविधानले त्यो अधिकार पनि खोसेको छ। आमा र बहारीमाथि लादिएको कानूनी विभेद हाम्रो मुद्दा हो। यस्तो विभेद विरुद्ध मधेस संघर्षरत छ। यसका लागि मधेशमा सयौं ले ज्यानको आहुति दिइसकेका छन्।

तर, आमा र बहारीलाई समान अधिकार दिलाउने लडाई मधेस मात्रको होइन। यो लडाई पहाडी समुदायको पनि हो। आदिवासी जनजाति, थारु, खस, मुश्लिमको पनि यो साझा संघर्ष हो।

भारतसँग खुला सीमाना भएको र रोटीबेटीको सम्बन्ध सदियौंदेखि कायम रहेकाले मधेसमा विदेशी भूमि त्यागेर आएकी आमा र बहारीको संख्या अति बढी होला।

तर, अंगीकृतको विरोध गर्दै सडकमा नाङ्गो नाच गरिरहेका पहाडे समुदायको घरमा पनि विदेशी भूमिबाट आएकी आमा, बहारी र श्रीमती छन्। यो देखाएको विश्वासका निश्चित आधार अवश्य छन्। यद्यपि अल्पसंख्यक धार्मिक समुदाय, आप्रवासी र महिलाप्रति ट्रम्पका दृष्टिकोणले उनको नेतृत्वमा अमेरिकाको सुखद र सन्तुलित भविष्यको संकेत गर्दैनन्।

ट्रम्पको विजय लोकतान्त्रिक पद्धतिका निम्ति एउटा चुनौती पनि हो। राज्य र नाफामूलक कम्पनीका बीचमा तात्विक भिन्नता छ। नाफामूलक कम्पनीको ध्येय नाफा कमाउने र व्यवसाय विस्तार गर्ने हो। राज्यको उद्देश्य आर्थिक समृद्धि बढाउने मात्र होइन -समृद्धिको पतिफल सबैले समान रूपमा पाऊन् भन्ने सुनिश्चित गर्ने पनि हो। जुन राज्यले कमजोर, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको सुरक्षालाई आफ्नो मूल उद्देश्यभित्र समाहित गर्दैन र शक्तिशाली वा बहुसंख्यकको चासोलाई मात्र संरक्षण गर्न चाहन्छ त्यस्तो राज्यलाई लोकतान्त्रिक भन्न मिल्दैन। देश र जनसंख्या ठूलो भएपछि जिडिपीको आकार त्यसै पनि ठूलो हुन्छ। बढ्दै पनि जान्छ। राज्यको ढुकुटी ठूलो भएपछि सरकारले १/२ सय ठूला हाइवे बनाउँछ, लडाकू विमान किन्छ, छिमेकीमाथि धावा बोल्छ र आम मानिसलाई देश धनी र बलियो भएको आभाष दिन खोज्छ।

यद्यपी देश धनी वा बलियो त्यो बेलामा हुन्छ जब त्यहाँका मानिसले समान रूपमा अवसर र सुरक्षा पाउँछन्। ट्रम्प वा मोदीको राजनीतिक आदर्शभित्र अल्पसंख्यक पतिको सम्मान र उनीहरूको सुरक्षाका लागि कुनै ठाउँ छैन।

आफ्नो मुलुकभित्रका निश्चित वर्ग वा समुदायको हितलाई केन्द्रमा राख्ने डोनाल्ड ट्रम्पको नेतृत्वका नकारात्मक प्रभाव विश्वस्तरमा पनि देखिनसक्ने बलियो सम्भावना छ।

आजको विश्वका चुनौती कुनै एक देशका सीमानाभित्र कैद छैनन्। जसरी जलवायु परिवर्तनका कारण र परिणामले देशका सीमाना मानिसको मनोदशा नेपालमा बसेर अनुमान गर्न सजिलो छैन। डोनाल्ड ट्रम्पमाथि अमेरिकी जनताले उनीहरुको पनि अधिकारको लडाई हो। मधेसले उठाएको बैवाहिक नागरिकताको विरोध गर्नु भनेको तपाईंहरु आफै आमा र बहारीको अधिकार खोस्दै हुनुहुन्छ।

विदेशी पुरुषको चिन्ता राज्यले गरोस्

नेपाली महिलासँग बिवाह गर्ने विदेशी पुरुषको अधिकार हाम्रो प्राथमिकता होइन। त्यो हाम्रो चिन्ता र चासोको बिषय होइन। विदेशी पुरुषलाई नागरिकता दिने नदिने, कहिले दिने, कस्तो दिने, के अधिकार दिने, के बाट बञ्चित गर्ने, के बन्धेज लगाउने, के खुकुलो पार्ने ? यी सब हाम्रो टाउको दुखाई होइन। नेपाली महिलासँग बिवाह गरेका विदेशी पुरुषको चिन्ता राज्यले नै गरोस्। मधेसले आफ्नी आमा र बहारीमाथि लादिएको बिभेद विरुद्ध संघर्ष गर्दैछ, न कि कुनै बिदेशीलाई नेपाली बनाउन।

दुक्क हुनुस्, मधेसी मोर्चा वा संघीय गठबन्धन कसैले पनि अंगीकृत नागरिकताको एजेन्डा बोकेको छैन। न त उनीहरुले अंगीकृत नागरिकताको माग गरेका छन्। अंगीकृत मधेकको माग नै होइन। यो देशको माग पनि होइन। मोर्चा वा गठबन्धनको कुनै पनि दस्तावेजमा अंगीकृतको माग गरिएको छैन। अनि माग नै नगरिएको विषयमाथि अर्थहीन विवाद किन ? माग नै नगरेको ऐजेन्डालाई लिएर कुनै दल, मोर्चामाथि प्रायोजित आरोप किन लगाइँदैछ ? सडक र सञ्चार माध्यममा जसरी विवाद हुँदैछ, आम जनतामा त्यो भन्दा कयौं गुणा भ्रम व्याप्त छ।

अन्तरिम संविधान भर्सेज नयाँ संविधान

अन्तरिम संविधानमा दिइएको अधिकार पनि नयाँ संविधानमा खोसिएको छ। जस्तै, अन्तरिम संविधान ०६३ मा धारा ८ को उपधारा (६) मा भनिएको छ,-'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा पर्चाबत कानून बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ।'

तर नयाँ संविधानमा धारा ११ को उपधारा (६) मा प्रष्ट रुपले उल्लेख छ,-'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानूनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ।' अन्तरिम संविधानमा पनि विदेशका महिलासँग बिवाह गर्ने विदेशी पुरुषको अधिकार हाम्रो प्राथमिकता होइन। त्यो हाम्रो चिन्ता र चासोको बिषय होइन। विदेशी पुरुषलाई नागरिकता दिने नदिने, कहिले दिने, कस्तो दिने, के अधिकार दिने, के बाट बञ्चित गर्ने, के खुकुलो पार्ने ? यी सब हाम्रो टाउको दुखाई होइन। नेपाली महिलासँग बिवाह गरेका विदेशी पुरुषको चिन्ता राज्यले नै गरोस्। मधेसले आफ्नी आमा र बहारीमाथि लादिएको बिभेद विरुद्ध संघर्ष गर्दैछ, न कि कुनै विदेशीलाई नेपाली बनाउन।

दुक्क हुनुस्, मधेसी मोर्चा वा संघीय गठबन्धन कसैले पनि अंगीकृत नागरिकताको एजेन्डा बोकेको छैन। न त उनीहरुले अंगीकृत नागरिकताको माग गरेका छन्। अंगीकृत मधेकको माग नै होइन। यो देशको माग पनि होइन। मोर्चा वा गठबन्धनको कुनै पनि दस्तावेजमा अंगीकृतको माग गरिएको छैन। अनि माग नै नगरिएको विषयमाथि अर्थहीन विवाद किन ? माग नै नगरेको ऐजेन्डालाई लिएर कुनै दल, मोर्चामाथि प्रायोजित आरोप किन लगाइँदैछ ? सडक र सञ्चार माध्यममा जसरी विवाद हुँदैछ, आम जनताभन्दा धेरै

च्याण्डम रिडर्समा सापकोटाको 'कहर'माथि बहस

पोखरा २७ कार्तिक ।

वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभावलाई समेटेर युवा पत्रकार तथा लेखक जनकराज सापकोटाद्वारा लिखित पुस्तक 'कहर' माथि शनिवार पोखरा परिचर्चा गरिएको छ । च्याण्डम रिडर्स सोसाइटी अफ् नेपालको नियमित मासिक कार्यक्रमको ६८ औं शृङ्खलामा कृतिको परिचर्चा गर्दै वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका पूर्व कार्यवाहक अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. गणेश गुरुङले नेपाल सरकार वैदेशिक रोजगारका विषयमा देखिएका समस्या समाधान गर्ने मुद्दामा निरीह देखिएको बताए ।

फ्रि भिषा भनेर सरकारले भनिरहँदा पनि वैदेशिक रोजगारी व्यावसायीहरुले लाखौं रुपैयां नेपाली युवाहरुसँग ठगिरहेको दृश्य बुझेलगी देखिने बताउँदै गुरुङले यसतर्फ राज्यले कडाइ गर्नुपर्नेमा जोड दिए। वैदेशिक रोजगारीले आर्थिक सूचकाङ्कक गतिलो देखिएपनि त्यसले भित्री रुपमा पारिवारिक विखण्डनसम्मको समस्या ल्याएको उनले औंल्याए ।

देशमा राजनीतिक स्थिरता नहुनु, लोडसेडिङ हुनु लगायतका कारणले दैनिक १२ सयदेखि १५ सय युवाहरु विदेशिने गरेको र कुल ग्राहस्थ उत्पादनको २९ प्रतिशत रकम विप्रेषणबाट भित्रिने गरेको गुरुङले बताए । कहरले वैदेशिक रोजगारका क्रममा नेपाली युवाहरुले भोगेका कटु यथार्थको मार्मिक चित्रण गरेको बताउँदै उनले किताबले उठाएको विषयमा गहिरो समाजशास्त्रीय छलफल हुनुपर्नेमा जोड दिए। सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा लेखक सापकोटले वैदेशिक रोजगारीका विषयमा बहस होस् भनेर आफूले किताब लेखेको बताए। वैदेशिक रोजगारीका विषयमा देखिएका समस्याहरुमाथि राज्यलाई धारे हात लगाएर मात्र अब कोही पनि उम्किन नमिल्ने भन्दै सापकोटले १५ जिल्ला घुमेर देखिएका दुरावस्थाहरुमाथि आँसुले लेखिएका वास्तविक कथा कृतिमा समेटेको बताए ।

वैदेशिक रोजगार विभागमा यसअघि नै कार्य गरिसकेका पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत नवराज दुङ्गानाले वैदेशिक रोजगारीको प्रणालीलाई व्यवस्थित गर्न राज्य लाग्नुपर्ने बताए। राज्य नपुगेको ठाउंमा वैदेशिक रोजगार व्यावसायी पुगेको बताउँदै तिनीहरुले नेपाली युवाहरुलाई ठग्ने मौका दिन नहुने दुङ्गानाले बताए ।

सोसाइटीका सचिव रुपिन्द्र प्रभावीको सञ्चालनमा भएको कार्यक्रममा उपाध्यक्ष केशवशरण लामिछानेले आगामी मङ्सिर २५ गते डा. रजनी ढकालको प्रस्तुतिमा 'नेपाली नारी लेखनको वर्तमान अवस्था' का बारेमा छलफल गरिने जानकारी दिए। कार्यक्रममा दीपक पराजुली, विष्णु वास्तोला, दीपेन्द्र अर्याल, अग्निप्रसाद तिमिल्सिना, भरत कोइराला, माया गुरुङ 'मनाडी', निरज थापा, मीरा ढकाल, मुकेश अधिकारीलगायतले टिप्पणी गरेका थिए ।

एक सय ३७ जनाको मधुमेह परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

लायन्स क्लब अफ पोखरा, लायन्स क्लब अफ पोखरा गण्डकी, लायन्स क्लब अफ पोखरा फिष्टेल, लायन्स क्लब अफ पोखरा आँगन र लायन्स क्लब अफ पोखरा आदर्श चौतारीको संयुक्त आयोजना र लाईफ केयर डाईग्नोसिस तथा रिसेज सेन्टर, न्यूरोड, पोखराको पार्विधिक सहयोगमा मधुमेह सम्बन्धी जानकारी तथा सचेतना गराउने उद्देश्यले निःशुल्क डाईबिटिज परीक्षण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा १ सय ३७ जनाको निःशुल्क डाईबेटिज परिक्षण गरिएको थियो। कार्यक्रमको अध्यक्षता लायन्स क्लब अफ पोखरा गण्डकीका अध्यक्ष शारदा शर्माले गरेका थिए ।

कार्यक्रमको प्रमुख अतिथिमा पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक डा. तारानाथ पौडेल रहेका थिए ।

कार्यक्रममा लायन्स क्लब अफ पोखरा फिष्टेलका अध्यक्ष लायन बसन्त प्रधानले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा डाइबिटिज कमिटीका चेयरपर्सन तीर्थलाल श्रेष्ठ, लाइफ केयर डाईग्नोसिस तथा रिसंज सेन्टरका डाईरेक्टर डा. अमर नागिला र पूर्व मल्टिपल काउन्सिल चेयरपर्सन प्रेमबहादुर श्रेष्ठले मधुमेह रोगको बारेमा जानकारी तथा सचेतना प्रदान गरेका थिए। कार्यक्रमको संचालन लायन्स क्लब अफ पोखरा आँगनका अध्यक्ष लायन मदन कुमार मुल्मीले गरेका थिए ।

डान्सिङ आइडलको पहिलो चरण सकियो

पोखरा २७ कार्तिक ।

दोस्रो घाचोक महोत्सवको मुख्य आकर्षण 'फस्ट युनेक डान्सिङ आइडल'को लागि पहिलो चरणको छनोट शनिवार सम्पन्न भएको छ। कास्की जिल्लाका ६ वटा ठाउँबाट गरि जम्मा ४० जना प्रतियोगी छनोट गरिएको आयोजक परिवर्तनका लागि युवा सञ्जाल नेपाल घाचोक कास्की अध्यक्ष मौसम कार्कीले बताए।

बगर टुडिखेलमा रहेको राष्ट्रिय उच्च माविमा शनिवार भएको छनोटबाट १४ जना प्रतियोगी दोस्रो चरणमा प्रवेश गरेको परिवर्तनका लागि युवा सञ्जाल नेपाल घाचोक कास्कीका उपाध्यक्ष विजय लम्सालले बताए । छनोटका लागि निर्णायकमा मनकुमार श्रेष्ठ र जयकुमार परियार रहेका थिए ।

कार्यक्रमका सामुदायिय विद्यालय व्यवस्थापन समिति महासंघ कास्कीका अध्यक्ष होम बहादुर नेपालीले यस्तो कार्यक्रमले लुकेर बसेका प्रतिभालाई उजागर गर्ने बताए । यस्तो कार्यक्रमलाई सबैले सहयोग गर्नु पर्ने अध्यक्ष नेपालीले बताए । कार्यक्रममा घाचोक महोत्सवका संयोजक विष्णुबहादुर काकीले दोस्रो चरणको तयारी पुरा भएपछि मिती तोकिने जानकारी दिए ।

'घाचोक जाउँ दुध र बदामका परिकारमा रमाउँ' भन्ने मुल नाराका साथ मसिर १७ गतेदेखि २१ गतेसम्म हुन लागेको दोस्रो घाचोक महोत्सवमा सबैलाई सहभागी हुन अनुरोध समेत गरे । यस अघि फस्ट युनेक डान्सिङ आइडलका लागि महेन्द्र उमावि लाहाचोकबाट ७ जना, विष्णुपादका उमावि हेम्जाबाट ५ जना, इन्द्रराज्य उमावि लामाचौरबाट ६ जना, आदर्श क्लब लेखनाथबाट ४ जना र आदर्श कला केन्द्र चिप्लेङ्गाबाट ८ जना छनोट भएका थिए ।

दोस्रो चरणको छनोट भने पोखरा उद्योग वाणिज्य संघको हलमा हुने फस्ट युनेक डान्सिङ आइडलकी संयोजक नर्वदा कुँवरेल बताइन् सनिवार सम्पन्न भएको छनोट कार्यक्रमको संचालन दोस्रो घाचोक महोत्सवका सचिव रेशमकुमार तेपालीले गरेका थिए ।

छनोट भएका अन्तिम १५ जना प्रतियोगीले दोस्रो घाचोक महोत्सवमा फाइनल प्रस्तुति राख्ने छन् । प्रतियोगितामा प्रथम हुनेले नगद रु ५० हजार, दोस्रोले ३० हजार र तेस्रोले २० हजारसहित मिजिक भिडियोमा खेल्ने अवसर पाउने छन् । महोत्सवमा राष्ट्रिय कलाकारहरुको प्रस्तुति रहने छ ।

शुक्लागण्डकीमा युआरएलको शिविर

पोखरा २७ कार्तिक ।

पोखरा, सभाग्रहको कको लोकप्रिय रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले लायन्स क्लब अफ तनहुँ शुक्लागण्डकी टाउनसँगको सहकार्यमा तनहुँको बेलचौतारामा शनिवार मधुमेह तथा मृगौला सम्बन्धी निःशुल्क रक्तपरीक्षण आयोजना गऱ्यो शिविरमा तीन सय १७ जनाको रक्त परीक्षण गरिएको थियो। शिविरमा सहभागी हुन शुक्लागण्डकी नगरपालिका र आसपासबाट उल्लेख्य मात्रामा सर्वसाधारण पुगेका थिए।

शिविर उद्घाटन गर्दै पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका वरिष्ठ युरोलोजिष्ट डा. ध्रुवबहादुर अधिकारीले स्वास्थ्यकर्मी, समाज र सर्वसाधारणको एकीकृत प्रयासले मात्र जनस्वास्थ्यको अवस्थामा सुधार ल्याउन सकिने बताए। उनले मधुमेह तथा मृगौला रोग हुने कारण, यसका लक्षण र उपचार प्रक्रियाबारे समेत प्रकाश पारेका थिए। युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले संस्थाले विभिन्न संघ, संस्थासँगको सहकार्यमा अधियानकै रुपमा निःशुल्क शिविर सञ्चालन गरिरहेको बताए उनले विदेश पठाउनुपर्ने र अति संवेदनशील रक्तपरीक्षण कम शुल्कमा नेपालमा नै उपलब्ध गराउन आफूहरु प्रतिबद्ध रहेको समेत स्पष्ट पारे। कार्यक्रममा शुक्लागण्डकी नगरपालिकाका कार्यकारी अधिकृत तिलकबहादुर खड्का र शुक्लागण्डकी नागरिक समाजका अध्यक्ष देवराज खनालले पनि बोलेका थिए। लायन्स क्लब अफ तनहुँ शुक्लागण्डकी टाउनका संस्थापक अध्यक्ष दुर्गाकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष दीर्घबहादुर थापा, ध्वजाको अभिवादन द्वितीय उपाध्यक्ष प्रदीप थापा र संचालन सहसचिव कमल गैह्रेले गरेका थिए।

शालिग्राम हराउँदै

पाल्पा २७ कार्तिक ।

कालीगण्डकी नदी क्षेत्रमा पाइने बहुमूल्य शालिग्राम ढुङ्गा अहिले हराउन थालेका छन् । शालिग्रामको धार्मिक, सांस्कृतिक तथा वैज्ञानिक महत्व रहँकाले मानिसले यसको खोजी गर्नेहरू बर्सोन बढ्दो पाइन्छ । मुस्ताङको कागबेनीदेखि देवघाटसम्म शालिग्राम पाइने भएकाले यस क्षेत्रलाई 'शालिग्राम क्षेत्र'का रुपमा लिइने गरिन्छ । शालिग्रामलाई हिन्दू धर्मावलीले विष्णुका प्रतीक रुपमा लिई घर तथा मठमन्दिरमा पूजा समेत गर्छन् । शालिग्रामपृति विदेशीले विशेष चासो राखेर किन्न थालेको रामपुर नगरपालिका केलाबीघाटका सूर्यप्रसाद पोखरेल बताउछन्। शालिग्राममा सुनका साना कण हुने विश्वास स्थानीय बासीको छ । नदी किनारमा प्रशस्त मात्रामा पाइने शालिग्राम अहिले पहिला जस्तै गरी पाउन छाडेको पोखरेलको भनाइ छ । शालिग्राम पतिएकको रु २०० देखि ५०० मा कारोबार हुदै आएको छ । पाल्पा, तनहुँ, स्याङ्जा र नवलपरासी जिल्लाको सङ्गमस्थल केदाली घाटमा स्नान गर्न आउनेले पहिले पहिले प्रशस्त शालिग्राम भेटाएर लैजाने गरेको देखिए पनि अहिले जति खोजे पनि भेटाउन गाह्रो छ ।

भद्रकाली उमाविमा शिक्षक–अभिभावक संघ

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

पोखरा उप-महानगरपालिका वडा नं. १३ स्थित भद्रकाली माध्यमिक विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षमा चिनबहादुर गुरुङ चयन भएका छन्। शनिवार भएको शिक्षक अभिभावक संघ गठन कार्यक्रमले अध्यक्षमा गुरुङलाई चयन गरेको हो । त्यसैगरी कार्यक्रमले वरिष्ठ सदस्यमा लालबहादुर नेपाली, सदस्यहरुमा क्रमश पशुपती आचार्य, शिव बराल, शान्ती ढेवाजु, सत्य खनाल, अब्दुल रहिम मियाँ, हरिश्चन्द्र सिस्देल, केदार सिस्देल, पदेन सदस्यमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरदकान्त सिस्देल र विद्यायका प्रधानाध्यापक घनश्याम रिजाल रहेका छन् भने एक जना शिक्षक प्रतिनिधि पछि चयन गरिने छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरदकान्त सिस्देलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला शिक्षा कार्यालय कास्कीका विद्यालय निरीक्षक खेमराज पौडेल, विद्यालयका प्रधानाध्यापक घनश्याम रिजाल, शिक्षक अभिभावक संघ गठन सहजीकरण समितिका संयोजक दिपक तामाङ र शिक्षक राजेन्द्र भण्डारी लगायतले बोलेको थिए ।

अन्तर्राष्ट्रियस्तरको मार्केटमा उभ्याउनुस्–कुँवर

पोखरा २७ कार्तिक ।

नेपाल ट्रेड युनियन कंग्रेसका वरिष्ठ उपाध्यक्ष रामजी कुँवरले बैंक र कर्मचारीलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन लाग्न आग्रह गरे । नेपाल वित्तिय संस्था कर्मचारी संघ क्षेत्रीय समितिद्वारा आयोजित नेतृत्व विकास तालिम कार्यक्रमको उद्घाटन गर्दै नेपाली कंग्रेसका पूर्व आमन्त्रित केन्द्रीय सदस्य समेत रहेका कुँवरले तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्दै युनियनलाई सक्षम बनाउने जिम्मा सबैको कांधमा आएको उल्लेख गरे । वित्तिय संस्था कर्मचारी संघ क्षेत्रीय समितिका अध्यक्ष उज्जवल ढकालको अध्यक्षतामा २ दिने लिडरसीप डेभलपमेण्ट ट्रेनिङमा ट्रेड युनियन नेता कुँवरले संगठन बलियो भयो भनेमात्र सबैले साथ दिने बताए । उनले नेपाली कंग्रेसले ट्रेड युनियन कंग्रेसलाई हेर्ने दृष्टिकोण सकारात्मक नभएको टिप्पणी समेत गरे । नेता कुँवरले कंग्रेसी नेताहरु मजदुरको अहितमा लागेको आरोप समेत लगाएका छन् । कार्यक्रममा मजदुर विरोधी भाषा बोलेर लगानी आउन नसकेको भन्ने गलत मानिसकता केही कंग्रेसका उच्च नेताहरुमै रहेको भन्दै कुँवरले हर तरहले सक्षम हुन सबै मजदुरहरुलाई आग्रह गरे ।

तालिमको उद्घाटन गर्दै नेता कुँवरले कम्युनिष्ट निकट ट्रेड युनियनहरु आफू चोखो हुन मजदुरलाई नकारात्मक हल्ला फैलाउन सक्षम भएको भन्दै नेपालका अगुवा नेताहरु मजदुर विरोधी भएको धारणा व्यक्त गरेका हुन् । कर्मचारी संघका केन्द्रीय उपमहासचिव मिलन बाबु नेपालको सञ्चालनमा रहेको कार्यक्रममा संघका केन्द्रीय अध्यक्ष जितेन्द्रसिंह थापा, महासचिव माधवदत्त पन्त, क्षेत्रीय प्रबन्धक राजकुमार खड्का, कृष्णा शाखाका प्रबन्धक सन्दिप सुवेदी लगायतले बोलेका थिए । तालिममा करिब ३० जना विभिन्न शाखाका कर्मचारीहरु सहभागि भएका छन् ।

महोत्सव हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

विश्व पर्वत दिवसका उपलक्ष्यमा पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय रातोपैंठामा तेस्रो पर्वतीय महोत्सव आगामी मङ्सिर दोस्रो सातामा हुने भएको छ । पर्वतीय पर्यावरण संरक्षण र खेलकुद संस्कृतिको प्रवर्द्धनका साथै हिमाली क्षेत्रका बासिन्दाको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले महोत्सव गरिने भएको हो । मङ्सिर १० र ११ गते हुने महोत्सवमा क्लाइम्बिङ बाल पतियोगिता, छेलो, धनुकाँड, दोहोरीगीत, पर्वतीय वृत्तचित्र प्रदर्शनी लगायत विभिन्न आकर्षण रहने संग्रहालयमा शुक्रबार आयोजित छलफल कार्यक्रममा संयोजक कुशल गुरुङले जानकारी दिए । महोत्सवमा ज्ञान, सीप र सूचनामूलक तथा विभिन्न आयमूलकसहितका ४० कक्ष रहने छन् ।

सार्वजानिक सूचना

यस ले.न.पा वडा नं. ३, बस्ने बागमान तिलिजा पुनकी श्रीमती मिन सुवा पुनको नाममा रहेको साबिक अर्घौं ९ को कित्ता नं. २८९९ क्षेत्रफल ०-५-१-२ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर कुनैपनि सधियारा फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
२८९९	बाटो	३१९३ समेत	२९७१	२८८२

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin ट्रेडर र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा छिमाछिम चलिरहेको छ ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मैनपावर कम्पनीबाट प्रोसेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला सरी
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेवभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शक्री, बाँझोपन हटाउने, य्याष्टिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षभित्रमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरचाघोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२५४५५

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इम्पेरियराका साथै सिपेजको समस्या साधारण , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्तालाको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झ्वसिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट ढाड कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चार्यो पोतो, डण्डिफोर, दाग धब्बा, मस्यिना, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
टुहुली पातलो धरिएको तौल चढाउने जाँघे तौली पन घटाउने ।
थप उपचार:- ग्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६९३७४१८

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्को साइज, पावर बढाउन, सिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल साप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी घुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्ती सुधा पेनलिस।
नोट: यहाँ उल्लेख भएका सबै समस्याको चिकित्सा सम्भव छ । तपाईको समस्या यहाँ छुटेको भए सम्पर्क गर्नुहोला ।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभेटीनोको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

नेपाली सेनाका मेजरहरू पोउवासंघमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

नेपाली सेनाको सैनिक कमाण्ड तथा स्टाफ कलेजमा संचालित सि.सं. कमाण्ड तथा स्टाफ तालीमका शिक्षार्थीहरुले आन्तरिक अध्ययन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम अन्तर्गत पोखरा उद्योग वाणिज्य संघको भ्रमण गरेका छन् । महासेनानी पदमबहादुर सिंहको नेतृत्वमा रहेका प्रशिक्षार्थी मेजरहरुको सो टोलीलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष रवीन्द्रबहादुर प्रजुले संघले निजी क्षेत्रको हक हित रक्षाका साथै सामाजिक उत्तरदायित्व बहनको क्षेत्रमा पुऱ्याएको योगदानको बारे जानकारी दिए ।

नेपाली सेनाले नेपालको निजी क्षेत्रसँग यसका गतिविधि तथा पोखराको पर्यटन उद्योगको अवस्थाबारे जानकारी लिनु सुखद संयोग भएको भन्दै उनले नेपाली सेनाले विकास निर्माणको क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण भएको बताए। पोखरा उद्योग वाणिज्य संघले पोखराली शिक्षा, स्वास्थ्य र पर्यटनको सहरको रुपमा परिकल्पना गर्दै सोही अनुसारका गतिविधि संचालन गर्दै आएको उनले प्रष्ट पारे । प्राकृतिक रुपले सुन्दर पोखराको मुख्य व्यवसाय पर्यटन नै भएको भन्दै उनले पर्यटन उद्योगको विकासबाट नेपालको समृद्धि सम्भव भएको बताए ।

कार्यक्रममा पोखराको पर्यटनबारे कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय पर्यटन परीषदका सदस्य तथा नेपाल पर्यटन बोर्डका पूर्व सदस्य बासु त्रिपाठीले पोखरालाई केन्द्र मानेर यो क्षेत्रको पर्यटन विकासको अभियान थालनुपर्नेमा जोड दिए। प्रदेश नम्बर ४ को प्रस्तावित राजधानीको रुपमा रहेको पोखरा र यो क्षेत्रमा भएका महत्वपूर्ण पर्यटकीय संरचनाहरुको बारेमा जानकारी दिँदै उनले पदयात्रा मार्गको संरक्षण, विमानस्थल लगायतका भौतिक संरचनाहरुको निर्माण तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार-प्रसार पोखराका पर्यटन उद्योगको आवश्यकता भएको बताए । सो अवसरमा धन्यवाद ज्ञापन गर्दै तालिमका प्रमुख शिक्षक महासेनानी पदमबहादुर सिंहले पोखरा उद्योग वाणिज्य संघसँग भएको अन्तर्क्रिया फलदायी भएको बताए।

तालिममा सहभागी शिक्षार्थीहरुले सो अवसरमा सुरक्षा निकायले नेपालको पर्यटन प्रवर्द्धनमा पुऱ्याउन सक्ने योगदानको बारे आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रममा संघका वाणिज्यतर्फका उपाध्यक्ष विन्दु कोइराला सुवेदी तथा कार्यसमिति सदस्य नारायणप्रसाद पौडेलको पनि उपस्थिति रहेको थियो ।

पत्रकार विजयी

पोखरा २७ कार्तिक ।

नेपाल टेलिकम पोखरा शाखा र नेपाल खेलकुद पत्रकार मञ्च बीच सम्पन्न २०/२० मैत्रिपूर्ण क्रिकेट खेलमा मंचले रोमाञ्चक जित हासिल गरेको छ । पोखरा रंगशालाको क्रिकेट खेल मैदानमा सम्पन्न खेलमा टस हारेर बैटिङ्ग गरेको मंचले १३ ओभरमा सबै विकेट गुमाउँदै ५४ रन बनाएको थियो । मंचको तर्फबाट विनोद लामिछानेले सर्वाधिक १७ रनको योगदान दिए । यसैगरि मंचका तर्फ बाट सुनिल पौडेल ११, सुदिप गुरुङ ३, सुजन पौडेल ३, लोकेन ढकाल २, केशव पाठक २, एम वि आस्था ले १ र सुरज श्रेष्ठले १ रनको योगदान दिए। मञ्चका गणेश पौडेल भने शून्यमा आउट भए भने उमेश पुन नट आउट रहे । टेलिकमको तर्फबाट माधव खत्रीले सर्वाधिक विकेट ५ विकेट लिए। मंचले १२ रन एक्स्ट्राको रुपमा पाएको थियो । यसैगरि नेपाल टेलिकम भने मञ्चका वलरको कसिलो वलरका सामु टिक्न भने सकेनन्। १२.३ वलमा नै अल आउट हुन पुगेको नेपाल टेलिकम ५० रनमा समेटियो । मंचका तर्फ बाट कसिलो वलिङ्ग गर्दै पहिलो ओभरमा नै लोकेन ढकालले मेडन ओभर गरे । लोकेनले आफ्नो ४ ओभरको स्पेलमा ५ विकेट लिए । नेपाल टेलिकमलाई अल आउट गर्न सुनिल पौडेलले ३ र गणेश पोडेलले २ विकेट लिए । यता टेलिकमका माधव खत्रीले १५ रनको योगदान दिए पनि टेलिकमका भरपर्दा भनिएका शुरेस वज्राडे, भिकेन्द्र तञ्डुकार, विनोद तिमिल्सिना, उज्वल पोखेल, कुमुत महतो शून्यमा आउट भए । नेपाल टेलिकमका लागि उमेश घिमिरे २, कृष्ण सुवेदी २ र शंकर बापाले ३ रन बनाए । नेपाल टेलिकमले २५ रन एक्स्ट्रा पाएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, नेपाल टेलिकम पोखरा शाखाका निमित्त प्रमुख रोजन्द्र कुमार दाहाल, गाएक प्रमोद खरेल, टेलिकमका व्यापार अधिकृत राजेश रेग्मी, जिल्ला क्रिकेट संघ कास्कीका सचिव संजयकान्त सिग्देल, टेलिकमका टिम क्याप्टेन शंकर बापा र मंचका टिम क्याप्टेन मन क्षेत्रीले आ-आफ्ना भनाइ राखेका थिए। कार्यक्रम नेपाल खेलकुद पत्रकार मंच कास्कीका अध्यक्ष केशव पाठकको अध्यक्षतामा भएको थियो ।

सिंचाइमन्त्री गिरी पोखराको दोविल्लामा

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

सिचाई मन्त्री दिपक गिरीले शनिवार पोखरा १७, दोविल्ला क्षेत्रको वस्तीसहित सहारा एकेडेमीको अवलोकन गरेका छन । फुसेंखोला र सेतीनदीले कटान गरी दोभिल्ला वस्ती सहित सहारा एकेडेमी जोखिममा परेपछि मन्त्री गिरीले सो क्षेत्र अवलोकन गर्दै त्यहाँको वस्ती सहित एकेडेमी संरक्षणको लागि आवश्यक रकम विनियोजन गर्नको लागि सहयोग गर्ने वचन दिएका छन ।

स्थानीयहरुसंग मन्त्री गिरीले भने-'यस वर्ष खोला तथा नदी कटानले गर्दा पारेको वस्ती र एकेडेमी संरक्षणको लागि बजेट नभए पनि यसका लागि तत्काल नदी तथा खोला कटानबाट संरक्षणको लागि के गर्न सकिन्छ, त्यसको बारेमा हामीले व्यावितै बाटै निर्णय हुने गरी बजेट पार्न सक्छौं।' आवश्यक बजेट विनियोजनका लागि प्रतिवेदन सहित लागत स्टिमेट मन्त्रालयमा पेश गर्न जल उत्पन्न प्रकोस कार्यालय पोखराका प्रमुख श्रीराम जोशीलाई मन्त्री गिरीले आग्रह गरेको गरेका छन्। स्थानीय कमलमोहन पौडेलले यस वर्षको हिउदको समयमा दोभिल्ला क्षेत्रको वस्ती सहित एकेडेमी संरक्षणको काम नभए आगामी वर्षायाममा दोविल्ला क्षेत्र सहित सहारा एकेडेमी खोला तथा नदीले वगाउन सक्ने बताए । उनले भने-'दुई खोला तथा नदीको कटानले गर्दा हाम्रो वस्ती नै उच्च जोखिममा परेको छ, तत्काल केहि महिना भित्रै क्रंक्रिट वाल सहित मेसिनरी वाल लगाउन पर्दछ ।' सहारा क्लवका अध्यक्ष वीरभद्र आचार्यले दोविल्ला क्षेत्रको संरक्षणमा सरकारले समयमै कदम चाल्न नसके आगामी वर्षमा ठुलो क्षति हुने दावी गरे । उनले भने-दोविल्ला क्षेत्र हाल फुसेंखोला र सेतिनदीले कटान गर्दै गएको छ, पक्की पुलको जग समेत खोलाले कटान गरेकोले समयमै संरक्षणको काम हुनुपर्दछ ।'

बुद्ध सहकारीको अध्यक्षमा पोखरेल निर्वाचित

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

बुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिवार सम्पन्न अधिवेशनले नगेन्द्रप्रसाद पोखरेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा ध्रुवप्रसाद रेग्मी, सचिवमा वासुदेव पराजुली, सहसचिवमा दीपककुमार मुल्मी, कोषाध्यक्षमा ठाकुरप्रसाद पोखरेललाई चयन गरेको छ ।

सहकारीको सदस्यहरुमा प्रजनकुमार थापा, देवेन्द्र पराजुली, विष्णुहरि पन्थी, रामकुमार श्रेष्ठ, केशवबहादुर खत्री र लक्ष्मी कार्की भण्डारी चयन भएका छन् ।

अधिवेशनले लेखा समिति संयोजकमा सूर्यप्रसाद लम्सालेलाई चयन गर्नुका साथै सदस्यहरुमा गीता तिवारी गौतम र प्रकाशकुमार आचार्यलाई सदस्यमा चयन गरेको छ ।

यसअघि जिल्ला सहकारी संघ कास्कीका कार्यवाहक अध्यक्ष रविरमण तिवारीले अधिवेशनको उद्घाटन गरेका थिए । उद्घाटन कार्यक्रममा उत्कृष्ट पुरुष बचतकर्ता प्रेमप्रसाद अधिकारी र उत्कृष्ट महिला बचतकर्ता कल्पना सिग्देल तथा उत्कृष्ट कर्जामा पुरुषतर्फ सञ्जितकुमार श्रेष्ठ र महिलातर्फ प्रतिष्ठा श्रेष्ठलाई सम्मान गरिएको थियो ।

यसैगरी उत्कृष्ट कर्मचारीतर्फ शारदा तिवारी, सेयर सदस्यहरुका परिवारका सदस्य मध्ये जेष्ठ नागरिकतर्फ गोविन्दप्रसाद दहालका पिता ८२ वर्षिय पदमलाल दहाल, ध्रुव रेग्मीका माता ८६ वर्षिय डोरकला रेग्मी, सेयर सदस्यका छोराछोरीमध्ये गत वर्षको एसएलसीमा सर्वोत्कृष्ट अंक ल्याउने अमृतराज पौडेल र आस्था पोखरेल, उच्च मावितर्फ रसिका भण्डारी र सुशील पोखरेललाई पनि सम्मान गरिएको थियो ।

संस्थाका निवर्तमान अध्यक्ष बलराम गौतमको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका कार्यवाहक अध्यक्ष रविरमण तिवारी, लेखा परीक्षक रुद्रनाथ पौडेल, बुद्ध विशालबजार व्यापारिक एशोसिएसनका अध्यक्ष प्रदीप मुल्मी, पोखरा उद्योग वाणिज्य संघका सदस्य देवकृष्ण काफले, गीता तिवारी गौतम, जिल्ला सहकारी संघका वरिष्ठ प्रवन्धक भोजराज घिमिरे, सेयर सदस्य प्रकाश पौडेल लगायतले बोलेका थिए ।

एनप्याल्सन खेलकुद महोत्सव मंसिर दोस्रो साता

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

निजि तथा आवासिय विद्यालयहरुको छाता संगठन राष्ट्रिय निजि तथा आवासिय विद्यालय एसोसियसन नेपाल, कास्की (एन प्याल्सान कास्की) को आयोजनामा एन प्याल्सान खेलकुद महोत्सव हुने छ। एन प्याल्सान कास्कीको यो ११ औं संकरण हो। महोत्सवसँग मंसीर १४ गते देखि १७ गते सम्म पोखरा रंगशालामा सञ्चालन हुने छ। महोत्सवलाई सफल बनाउनका लागि एन प्याल्सान कास्कीका अध्यक्ष रामबहादुर मोचीको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ। समितिको सदस्यहरुमा शिवदत्त तिवारी, केशवशरण पौडेल, मनकाजी गुरुङ रत्ना कुमारी गुरुङ, प्रेमराज अधिकारी, दुर्गाराज सुवेदी, शारदा केसी, शोभा भण्डारी, राजु केसी, शिवराज पौडेल, विष्णुप्रसाद पौडेल सञ्जय पौडेल, अर्जुनप्रसाद अधिकारी, राजु कायस्थ रहेका छन्

त्यसैगरि समितिको सल्लाहकार याम खड्का, ज्ञानेन्द्रमोहन भट्टराई र रामप्रसाद शर्मा रहेका छन्। त्यसैगरी महोत्वलाई भव्य रुपमा सम्पन्न गर्नका लागि विभिन्न उपसमिति गठन गरिएको छ।

प्रचार-प्रसार उपसमितिको संयोजकमा प्रेमराज अधिकारी, मार्च पास उपसमिति संयोजकमा कमल बहादुर मल्ल, फुटवल उपसमिति छात्र तर्फ संयोजकमा अजय थापा, फुटवल उपसमिति छात्रा तर्फको संयोजक हिमाल गुरुङ, टेवुलटेनिस उपसमिति संयोजकमा राजु केसी, वास्केटवल उपसमिति संयोजकमा राजु कायस्थ, भलिवल उपसमिति संयोजकमा प्रकाशराज वाग्ले, ह्याण्डवल उपसमिति संयोजकमा अर्जुनप्रसाद अधिकारी रहेका छन्।

त्यसैगरी एथलेटिक्स उपसमिति संयोजकमा दुर्गाराज सुवेदी, स्वास्थ्य उपचार तथा खानेपानी व्यवस्थापन उपसमिति संयोजकमा हेमन्त अधिकारी, मञ्च सजावट तथा खाना व्यवस्थापन उपसमितिको संयोजकमा शारदा केसी, न्यायिक छानविन तथा निर्णायक उपसमितिको संयोजकमा रामबहादु मोची, पुरस्कार व्यवस्थापन उपसमिति संयोजकमा भिम न्यौपाने, शान्ति सुरक्षा व्यवस्थापन उपसमिति संयोजकमा राजु कायस्थ, सचिवालय व्यवस्थापन उपसमितिको संयोजकमा मनकाजी गुरुङ रहेका छन्।

'एन प्याल्सान कास्कीको सङ्कल्प : खेलकुद शिक्षाको अभिन्न अङ्ग' भन्ने मूल नारा लिएको उक्त प्रतियोगितामा फुटबल, भलिवल, टेवुलटेनिस, ह्याण्डबल, वास्केटवल तथा एथलेटिक्स प्रतियोगिता जुनियर र सिनियर तहमा संचालित हुनेछन्। महोत्सवमा नेसनल प्याल्सान, कास्कीमा आवद्ध चार दर्जन विद्यालयको सहभागि रहने छ। कार्यक्रम सम्पन्न गर्न करिव १५ लाख रुपैया खर्च लाग्ने अनुमान गरिउको कोषाध्यक्ष रत्ना गुरुङले जानकारी दिईन्। खेलाडीहरुको नामावाली, फोटो, कक्षा, रोल नं स्पष्टसंग सम्बन्धित विद्यालयका प्रिन्सिपलले प्रमाणित गरी मंसिर १० गते भित्र अनिवार्य रुपमा पठाउनुपर्ने व्यवस्था गरिएको अध्यक्ष मोचीले जानकारी दिए ।

विप्लव माओवादीको मोटरसाइकल च्याली

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

महंगी, भष्टचार र खाद्य सम्प्रभुताको विषयमा आन्दोलनरत नेकपा (माओवादी-कास्कीले नेपाल बन्दको पूर्व सन्ध्यामा शनिवार पोखरामा वृहत् मोटरसाईकल च्याली सम्पन्न गरेको छ। लक्षनचोक स्थित पार्टी कार्यालयबाट सुरु भएको बृहत् मोटरसाइकल च्याली नयाँबजार, महेन्द्रपुल,पिएन क्यामपस, हरि चोक, पर्स्याङ, जिरो, हलनचोक लेकसाइड, तमु ह्यूला चोक विरौटा, एयरपोर्ट, लक्षनचोक हुँदै अमरसिंह चोकमा गएर कोण सभामा परिणत भएको थियो।

कोण सभालाई सम्बोधन गर्दै जनपरिषद कास्कीका प्रमुख नन्दप्रसाद तिवारी जगनले नेपाल बन्द आन्दोलनको अन्तिम विकल्प रहेको बताए।

उनले भने-खाद्यमा रहेको भष्ट्राचार महंगी र खाद्य सम्प्भुताको विषयलाई लिएर माओवादीले भाद्र २० गते देखि नै धर्ना, ज्ञापनपत्र, पचारात्मक आन्दोलन गर्दै सरकारलाई सचेत गराएको पनि बताए तर यो मुलुकका शासक वर्गले हामीलाई नटेरेकोले जनताकै खाद्य सम्प्भुताको अधिकारको निम्ति नेपाल बन्दको विकल्प रोजेको बताए उनले भने-'संसारमा दुई किसिमका हतियार उठिरहेका छन्, एक वधशालामा कसाईको अर्को हस्पिटलमा डाक्टरले तर तिनका फरक उद्देश्य छन्। एउटा मार्ने अर्को बचाउने, मुलुकमा लागेका सामाज्य बादीरोग, विस्तारबादी रोग सामन्ती दलाली रोग, नोकर शाही दलाल पुंजीपति रोग यी हुन मुलुकमा लागेका रोगहरु यिनीहरुको उपचार्य माओवादीले शल्यक्रिया गर्नु पर्यो भने डाक्टरकै रुपमा हतियार उठाउने छ।'

नेपाल बन्द जनताको अधिकारकै लागि भएकोले र कसैले बन्दको विरुद्धमा कुनै खाले गतिविधि अगाडि बढाएमा सबै गतिविधि अगाडि बढाउने राज्य नै जिम्मेवारी रहने छ।

महाधिवेशनको..

नेतृत्व चयनका लागि देउवा पक्षधरले जितजंग बस्नेतलाई अघि सारेको चर्चाले व्यापकता पाएको छ । बस्नेत यसअघि नेविसघको महाधिवेशनमा समेत केन्द्रीय अध्यक्ष को दावेदार थिए तर पार्टी सभापति देउवाले बस्नेतलाई अन्य कुनै महत्वपूर्ण स्थान दिने आश्वासनपछि अन्तिम अवस्थामा उनी पछि हटेका थिए । त्यसपछि देउवा पक्षबाटै नैन सिंह महरले नेविसघको अध्यक्ष बन्ने मौका पाए । यसपटक तरुण दलका केन्द्रीय अध्यक्ष उदय सम्शेर राणा समेत बस्नेतलाई तरुणदलको अध्यक्ष बनाउन पाए आफू पार्टीको केन्द्रीय सदस्य बन्नका लागि बाटो खुल्ने विश्वासमा छन् । राणा र बस्नेत दुवै ललितपुरका र सभापति देउवा पक्षधर भएकाले बस्नेतलाई तरुणदलमा जिम्मेवारी दिन सके राणा पार्टीको माथिल्लो तहमा पुग्न पाउने आशामा छन् ।

यसअघि भने राणाले वर्तमान समितिका संयिव जन्मजय तिमिल्सिनालाई आफ्नो समर्थन रहने विश्वास दिलाउदै आएको बताइन्छ । पार्टीले वर्तमान कार्यसमितिका पदाधिकारी र सदस्यलाई चुनावमा सहभागी हुन बाट रोक लगाउने पुरानो निर्णयमा परिवर्तन गर्न समेत दलका नेता कार्यकर्ताले शनिवार साँझ पार्टीका शीर्ष नेताहरुलाई भेटेर दबाव दिएका थिए । तर महाधिवेशनको उद्घाटन समारोहमा सभापति देउवा स्वयले नै केन्द्रीय समितिमा रहेका दलका नेताहरुलाई आफूले महत्वपूर्ण जिम्मेवारी दिने सोचाइ बनाएको बताए पुरानो निर्णयमा परिवर्तन नहुने स्पष्ट संकेत गरिसकेका छन् ।

Study in Japan
Czech Republic
USA, Australia, Norway
❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in JAPAN .
❖SLC passed can apply . April Intake
❖Almost all intake czech Republic .
❖Free Education in Norway & Finland .
❖Help to make all kind of documentation for any Countries .
Now Running IELTS, JLPT Classess
ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

कर्मचारी चाहियो
पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।
पद : वेटर संख्या : २ जना
पद : किचन हेल्पर संख्या : १ जना
पद : डिसवासर संख्या : १ जना
सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०५

पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि विशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा
धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति मंसिर २ गते बिहीबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्
हाम्रो सेवाहरू:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने खिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा सटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
न्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसूत्र विधीद्वारा विना अपरेसन गरिन्छ ।
विरामी जाँच्ने समय : बिहान ५ बजेदेखि ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८५९४, ८८४८०४१३१, ८८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

पोखरामा सरसफाइ अभियान जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ कार्तिक ।

पोखरामा जारी २४औं हप्ताको सफाइ अभियान सफलताका साथ सम्पन्न भएको छ । नालामुखस्थित गणेशमानसिंह चोकदेखि तेर्सापट्टी, पालिखेचोक हुँदै नदीपुरस्थित वडा समितिको कार्यालयसम्म सफा गर्दै करिब ५ टन फोहोर मैला संकलन गरिएको सामाजिक अभियन्ता एवं तेर्सापट्टी टोल विकास संस्थाका उपाध्यक्ष रजनी श्रेष्ठले जानकारी दिइन् ।

सफाइ अभियानका क्रममा दुर्गन्धित नाली सफा गर्नुका साथै सडकपेटी छेकेर पसल राख्ने व्यापारीहरुलाई सचेत गराउने, प्लाष्टिक झोला बिक्री वितरण तथा प्रयोग नगर्न समेत आहवान गरिएको सामाजिक अभियन्ता अञ्जु केसीले बताइन् ।

यसअघि सहभागीलाई सामाजिक अभियन्ता एवं नेपाली कांग्रेस पोखरा नगर सभापति वजिरमान श्रेष्ठले सपथ खुवाएका थिए । सफाइ अभियानका लागि समाजसेवी प्रकाशमान उदासले २ सय जोर ग्लोव र मास्क, पोखरा उपमहानगरपालिकाका वरिष्ठ कानुन अधिकृत नारायणप्रसाद शर्मालाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा नेपाली सेना र वडा प्रहरी कार्यालय, वगरका सुरक्षाकर्मी, स्थानीय आमा समूह, टोलवासी, नगरपालिकाका कर्मचारीलगायत सामाजिक अभियन्ताको उपस्थिति रहेको वडा नं. ३ का वडासचिव सविता वास्तोलाले जानकारी दिइन् । सहभागीलाई सरसफाइ शाखाका अधिकृत चुडामणि तिवारीले धन्यवाद ज्ञापन गरेका थिए ।

२५ औं हप्ताको सफाइ कार्यक्रम नालामुखस्थित गणेशमान सिंह चोकदेखि गणेशस्थान मन्दिरतर्फ हुने सामाजिक अभियन्ता चन्द्रबहादुर गुरुङले बताए ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२३, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा